आज मिति २०७९।०९।०१ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

<u>निर्णयहरु :</u>

**निर्णय नं.१ : आ.व.२०७९।०८० को प्रथम चौमासिक आय व्यय सार्वजनिक सम्वन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम यस नगरपालिकाको आ.व.२०७९।०८० को प्रथम चौमासिकमा भएको देहायबमोजिम आय व्यय सार्वजनिक गर्ने निर्णय गरियो ।

मिति २०७९।४।१ देखि २०७९।७।३० सम्मको आय-व्यय

| आर्थिक वर्ष २०७९/०८० आय तर्फ | | | | |
|---|---|---|---|---|
| सि.नं. | | संघ | प्रदेश | जम्मा |
| १ | समानीकरण अनुदान | 47,525,000.00 | 2,676,500.00 | **50,201,500.00** |
| २ | शर्सत अनुदान | 81,875,000.00 | 3,750,000.00 | **85,625,000.00** |
| ३ | समपुरक अनुदान | - | 500,000.00 | **500,000.00** |
| ४ | विशेष अनुदान | - | 1,750,000.00 | **1,750,000.00** |
| ५ | आन्तरीक श्रोत | - | - | **8,712,588.00** |
| ६ | राजश्व बाँडफाड | 39,416,051.00 | 5,331,826.00 | **44,747,877.00** |
| | | | कुल जम्मा | **191,536,965.00** |

| आर्थिक वर्ष २०७९/०८० व्यय तर्फ | | | | |
|---|---|---|---|---|
| सि.नं. | | कुल विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
| १ | चालु खर्च | 600,151,970.00 | 127,077,143.93 | **21.17** |
| २ | पूजिगत खर्च | 346,780,000.00 | 5,324,787.00 | **1.54** |
| | जम्मा खर्च | **946,931,970.00** | **132,401,930.93** | **13.98** |

निर्णय प्रमाणित
राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

**निर्णय नं.२ : विभिन्न कार्यविधिहरु सम्वन्धमा ।**

सुशासन तथा संस्थागत विकास समितिबाट पारित भई आएका देहायबमोजिमका निर्देशिका र कार्यविधिहरु स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

१.करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि(पहिलो संसोधन),२०७९

२. विध्यालय समायोजन तथा दरवन्दी मिलान सम्वन्धि कार्यविधि ,२०७९

३. विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७९

४. भू-उपयोग कार्यान्वयन कार्यविधि,२०७९

५. स्थानीय तह स्वास्थ्य बिमा संयोजक समिति गठन/संचालन कार्यविधि,२०७९

६. स्वास्थ्य क्षेत्रको अनुगमन,मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका,२०७९

साथै तपसिल बमोजिमका कार्यविधिहरुमा थप अध्ययन र छलफल गरी सुशासन तथा संस्थागत विकास समिति मार्फत आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

१.अनुदान तथा आर्थिक सहायता कार्यविधि,२०७९

२.मेयर रोजगार कार्यक्रम सञ्चालन कार्यविधि,२०७९

**निर्णय नं.३ : विध्यार्थीहरुको यातायात सेवाको लागी ईन्धन उपलब्ध गराउने सम्बन्धमा ।**

शिवराज नगरपालिका वडा नं १ धानखोला, दोवाटा ४ नं र चोरखोला तथा वडा नं ९ सालधारी, रीजाली टोल, पुन टोल, अधिकारी टोल र धनचरे टोलबाट नेपाल आदर्श मा.वि मा ७० जना, जागृती प्रा.वि मा ११ जना र सरस्वती आधारभूत विद्यालयमा अध्यनरत २८ जना गरी जम्मा १०९ जना विद्यार्थीहरुलाई करिव १५ कि मी दुरी पार गरी विद्यालय आउने जाने क्रममा सार्वजनीक यातायातको सहज उपलब्धता नहुँदा विद्यार्थीहरुलाई विद्यालयमा सहज पहुँच स्थापनाका लागि मिति २०७९/०८/१२ गतेको नगर शिक्षा समितिको बैठकले अति विपन्न परिवारका बालबालिकाहरुको पहिचान गरी वडा कार्यालयको सिफारिसमा श्री नेपाल आर्दश मा. वि. सँगको साझेदारीमा यातायात सेवा उपलब्ध गराउने निर्णय भए बमोजिम श्री नेपाल आदर्श मा.वि.लाई ईन्धन खर्च वापत मासिक रु.३५,०००।को दरले सम्वन्धित वडाको वडा स्तरिय बजेटको उपर्युक्त शिर्षकबाट खर्च लेखिने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४ : स्वास्थ्य संस्था र अस्पताल प्रमुखहरुलाई ईन्धन सुविधा उपलब्ध गराउने सम्वन्धमा ।**

यस पालिका अन्तर्गतका स्वास्थ्य संस्था र आधारभूत अस्पताल प्रमुखहरु खोप कार्यक्रम,गाउँघर क्लिनिक तथा आमा समूहहरुको वैठकको अनुगमन गर्न नियमित फिल्डमा खटिनु पर्ने भएकोले पालिका भित्रका सवै स्वास्थ्य संस्था प्रमुखहरुलाई नगरपालिकाको मापदण्ड अनुसार ईन्धन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ : क्लीनीक सञ्चालनको अनुमती उपलब्ध गराउने सम्वन्धमा ।**

निदान डेन्टल क्लीनीकले यस नगरपालिकामा व्यवसाय सञ्चालनको लागी दर्ता अनुमती लिई सेवा सञ्चालनको अनुमती माग गरेकोमा उक्त क्लीनीकले **स्वास्थ्य संस्था स्थापना,सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्वन्धि निर्देशिका, २०७६** बमोजिम मापदण्ड पुरा गरेको हुँदा यस नगरपालिका क्षेत्रमा सेवा सञ्चालन अनुमती उपलब्ध गराउने निर्णय गरियो।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं.६ : उपभोक्ता समितीबाट निर्माण कार्य गर्ने गराउने सम्वन्धमा ।**

यस नगरपालिकाको चालु आ.व.२०७९।०८० को लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित समपूरक अनुदान तर्फको कार्यक्रम अन्तर्गत वडा नं. ५ मा कभर्डहल निर्माणको लागी बजेट रु.६० लाख स्वीकृत भएकोमा उक्त निर्माण कार्य उपभोक्ता समिती मार्फत गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : नगर स्तरिय पूर्वाधार तर्फको योजना सम्वन्धमा ।**

शिवराज नगरपालिकाको चालु आ.व.२०७९।०८० को नगर स्तरीय पूर्वाधार विकास आयोजना तथा कार्यक्रम अन्तर्गत एकमुष्ठ रुपमा वीरपुर स्वास्थ्य चौकी/विसुनपुर स्वास्थ्य चौकी/वडा नं.२ को वडा कार्यालयको कम्पाउण्डवाल रंगरोगन तथा माटो पटान शिर्षकमा बजेट रकम रु.१५ लाख स्वीकृत भएकोमा उक्त रकमबाट उल्लेखित ३ वटै शिर्षकमा बराबर रकम रु.५/५ लाख छुट्याई निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८ : भू-उपयोग कार्यान्वयन समिति गठन सम्वन्धमा ।**

भू-उपयोग ऐन,२०७६ को दफा २० को उपदफा १ अनुसार भू-उपयोग कार्यान्वयन समितिमा सम्वन्धित सरोकारवालाहरु मध्येबाट स्थानीय भू-उपयोग परिषद्ले तोकेको कम्तिमा २ जना महिला सहित ४ जना सदस्यहरु मनोनीत गर्नुपर्ने प्रावधान रहेकोमा यस नगरपालिकाको भू-उपयोग कार्यान्वयन समितिमा देहायबमोजिम ४ (चार) जना सदस्यहरु मनोनीत गर्ने निर्णय गरियो ।

१.श्री ईश्वरी प्रसाद पाण्डे (उध्धोग बाणिज्य संघ,चन्द्रौटा कपिलवस्तु ।)
२. श्री जगत प्रसाद पौडेल (व्यापार संघ कपिलवस्तु)
३.श्री मिना परियार
४. श्री निलम मिश्रा

साथै उल्लेखित समितिको बैठकमा देहायबमोजिमलाई आमन्त्रीत सदस्यको रुपमा बोलाउने निर्णय गरियो ।

१. नगर उप प्रमुख (शिवराज नगरपालिका)
२. नौसाद आलम खाँ

**निर्णय नं. ९ : प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी आयोजना छनौट सम्वन्धमा ।**

चालु आ.व.२०७९।०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनाका लागी वडा कार्यालयहरुबाट सिफारिस भई आएका देहायबमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

| क्र. सं | वडा नं. | योजना /कार्यक्रम |
|---|---|---|
| १ | १ | नेपाल आदर्श मा.वि.को दक्षिण तर्फ दुर्गा कलौनी देखि सोनपुर जोड्ने बाटो निर्माण तथा आदर्श नगरपूर्व देखि भलुही जाने जवई कल्भट सम्म बाटो निर्माण र चैनपुरमा खन्न बाँकी रहेको कुलो खन्ने |
| २ | २ | मदरहवा चिन्कु थारुको घर देखि चन्दनपुर बगैचासम्म र पूर्व गौरिया देखि हरहट्टी सम्म सार्वजनिक कुलो खन्ने तथा सरसफाई |
| ३ | ३ | मजगाँउ देखि बलुहवा हुँदै होचवा सम्म सिचाई कुलो सहितको कृषि सडक निर्माण |
| ४ | ४ | वरगदवा इवरार मु.को घर देखि पर्सिया जाने बाटो मर्मत तथा वरगदवा र पिपरा गाँउमा नाली सरफाई |

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

| | | |
|---|---|---|
| ५ | ५ | दक्षिण रहटकोल बाट उत्तर जाने बाटोमा पर्ने चर्चको दक्षिण पूर्व हुँदै सुकुम्वासी बस्ती सम्म जाने बाटोमा नाली निर्माण तथा माटो पटान |
| ६ | ६ | दक्षिण पिपरी पूर्व पोखरीको दक्षिण तर्फकोको बाटो तथा कुदरबेटवा देखि दक्षिण तर्फ मजिगवाँ खलिहान भई आउने बाटोमा माटो पटान |
| ७ | ७ | निविहवा गाँउको उत्तर देखि पश्चिम हुँदै दक्षिण तर्फ गएको नाला सरसफाई |
| ८ | ८ | देवीपुरको उत्तर तर्फ देखि जिगंनहीया सिमाना सडकमा माटो पटान |
| ९ | ९ | रमुवादह पाथि फाल्ने देखि शिवगढी जाने सिँढी सम्मको बाटोमा माटो पटान |
| १० | १० | सिवहरवा गाँउ भित्र बाटो निर्माण तथा कुलो सरसफाई र मगनी यादवको घर देखि दरखसवा सम्म कुलो मर्मत |
| ११ | ११ | मर्जातपुर मंगरे अहिरको नलका, गोठ देखि पूर्व भदोखरको सिमानासम्म सडक निर्माण तथा माटो पटान |

**निर्णय नं. १० : बक्यौता रकम भुक्तानी दिने सम्वन्धमा ।**

गत आ.व.२०७८।०७९ मा यस नगरपालिकाको कार्यालयबाट HMIS TOOLS लगायतका स्वास्थ्य सामाग्रीहरु खरिद गरिएकोमा उल्लेखित सामाग्री खरिद वापतको रकम रु.२,९७,७५५।आईडिया डिजाईन अफसेट प्रेस लाई भुक्तानी दिन बाँकी रहेको हुँदा उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११ : राष्ट्रिय परिचय पत्र कार्यक्रमको खर्च सम्वन्धमा।**

राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रमलाई आवश्यक सहयोग र समन्वय गरी अभियानलाई प्रभावकारी बनाउन राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट यस नगरपालिकाका विभिन्न वडाहरुमा राष्ट्रिय परिचय पत्र फाराम भर्न खटिई आएका कर्मचारीहरुलाई वडा कार्यालयहरुबाट आवास तथा खाना नास्ताको व्यवस्थापन गरी सो कार्यक्रममा भएको देहायबमोजिमको खर्च रकम भुक्तानीको लागी विल भरपाई संलग्न गरी माग भई आएको हुँदा भुक्तानी गरिएको शिर्षकमा आगामी नगरसभाबाट श्रोत सोधभर्ना गर्ने गरी भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

<u>वडा कार्यालयहरुबाट पेश भएको खर्चको विवरण :</u>

| क्र.सं. | वडा नं. | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | १ | १,६२,३६०। | |
| २. | २ | १,२३,९६०। | |
| ३. | ३ | १,४३,८८०। | |
| ४. | ४ | १,३६,६००। | |
| ५. | ५ | २,०६,५८०। | |
| ६. | ६ | १,७८,१००। | |
| ७. | ७ | ९७,०००। | |
| ८. | ८ | १,४०,२८०। | |
| ९. | ९ | २,०२,७५०। | |
| १०. | १० | ९९,६००। | |
| ११. | ११ | १,७०,५२०। | |
| जम्मा रु. | | १६,६१,६३०। | |

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख